मिति : २०८२/०६/२९
च.न.: १९/२०८२/८३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाडौं ।

श्री कम्पनी रजिष्टारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

विषय : **जानकारी गराईएको बारे ।**

महोदय,

आज मिति २०८२ असोज २९ गते बुधबार बसेको सञ्चालक समितिको ४६०औं बैठकको निर्णयानुसार यस बैंकको १९औं वार्षिक साधारण सभा मिति २०८२ कार्तिक २६ गते बुधबार (तद्नुसार १२ नोभेम्बर, २०२५) बिहान १०.०० बजे नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौमा बस्ने र **सो प्रयोजनको लागि मिति २०८२ कार्तिक १६ गते आइतबार १ दिन शेयरधनी दर्ता किताब बन्द गरिने निर्णय भएको जानकारी गराउँदछौं ।**

साथै, सो सम्बन्धी सूचना मिति २०८२/०६/३० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित हुने जानकारी सहित सुचनाको एक प्रति संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

धन्यवाद ।

भवदीय,

Global IME Bank Limited ★ Corporate Office ★

(बिश्व सुवेदी)
प्रवन्धक, बोर्डको सचिवालय

## ग्लोबल आइएमई बैंक लिमिटेडको
## १९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस बैंक मिति २०८२ साल आश्विन २९ गते बुधवार बसेको संचालक समितिको ४६० औं वैठकको निर्णयानुसार १९औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय तथा स्थान :**

मिति : २०८२ साल कार्तिक २६ गते (तद्नुसार १२ नोभेम्बर, २०२५) बुधवार
समय : बिहान १०:०० बजे ।
स्थान : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

**२. छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताब:**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने ।

३) बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्लोबल आइएमई सेक्युरिटिज लि. समेतको आ.व २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated Financial Statement ) वित्तिय विवरण पारित गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को मुनाफा समेतबाट चुक्ता पुँजीको ८ प्रतिशत नगद लाभांश (नगद लाभांशमा लाग्ने कर सहित) स्वीकृत गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यका लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१) बैंकको प्रबन्धपत्र/नियमावलीमा व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्ने र सोमा नियमनकारी निकायहरुबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारणसभा सम्वन्धी थप संक्षिप्त जानकारी:**

१. साधारणसभा प्रयोजनका लागि बैंकको शेयरधनी दर्ता किताब मिति २०८२/७/१६ गते एक दिन बन्द रहने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book close) हुनुभन्दा अघिल्लो दिनसम्म कारोवार भई नियमानुसार नामसारी भई आएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न र आ.व. २०८१/८२ को नगद लाभाँश प्राप्त गर्न योग्य हुनेछन्।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीमहानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ९:०० वजे देखि खुल्ला रहनेछ।

३. शेयरधनी महानुभावहरुको जानकारीको लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंगै प्रकाशित गरिएको छ। कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी काठमाडौंवाट उपलब्ध हुनेछ। सो विवरण बैंकको वेभसाइट www.globalimebank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा अनुरोध छ।

४. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले बैंकबाट जारी प्रवेश पत्रको साथै शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (नागरिकता वा अन्य कुनै सरकारी परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्वन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८२ साल कार्तिक २४ गते बिहान १०:०० वजे भित्र यस बैंकको रजिष्टर्ड कार्यालय कमलादी, काठमाडौमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुनु अनिवार्य छ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा निजले पूर्ववत दिइएको प्रतिनिधि (प्रोक्सी) स्वत: वदर हुनेछ।

७. एउटै शेयरधनीले एक भन्दा वढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी बैंकको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो वाहेकको प्रोक्सी मान्य हुने छैन।

८. शेयरधनीले एक भन्दा बढी ब्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टयाई प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्न पाइने छैन।

९. नावालक वा अशक्त शेयरधनीको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले मतदानमा भाग लिन पाउने छ। तर संरक्षक स्वयम् शेयरधनी नभएमा अरु कसैको तर्फबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त हुन योग्य हुने छैन।

१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्ने छ ।

११. छलफलको विषय अन्तर्गत विविध शिर्षकमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनुभएमा सो विषयमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि कम्पनीको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। जसबाट त्यस्तो बिषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुनेछ।

१२. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ।

१३. अन्य जानकारीका लागि बैंकको रजिष्टर्ड कार्यालय कमलादी काठमाडौमा सम्पर्क गर्नु हुन अनुरोध छ।